# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

च.नं.
प.सं.

### एटिएम सटर र १ नं. वडा कार्यालय भवनको सटरको वहाल विटौरी शुल्कको ठेक्का व्यवस्थापनका लागि भएको सार्वजनिक दरभाउपत्र आव्हान

### सुचना प्रकाशित मित २०८३/०२/२०

विराटनगर महानगरपालिका परिसरको भवन र वडा नं. १ को कार्यालयको भवनमा रहेको १ वटा सटर तपशिल वमोजिम वहालमा लगाउने भएकाले आ.व.२०८३/०८४ श्रावण १ गते देखी आ.व. २०८५/०८६ आषाढ मसान्तसम्मको वहालमा लिनकालागि ईच्छुक मुल्य अभिबृद्धि करमा दर्ता भएका फर्म कम्पनी वा संस्थाहरुलाई रु.१०००/०० (एक हजार मात्र पछि फिर्ता नहुनेगरी) विराटनगर महानगरपालिकाको नाममा कृषि विकास बैंकको खाता नं. ०६०१६०११४५९७३११३ मा जम्मा गरी यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिनभित्रमा दरभाउपत्र फाराम खरिद गर्नहुन सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

### शर्तहरु

१. दरभाउपत्रदाताले कवोल गरेको रकमको १०% रकम विराटनगर महानगरपालिकाको नाममा कृषि विकास बैंकको खाता नं. ०६०१६०११४५९७३०३२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल कगजात संलग्न राखु पर्नेछ ।
२. दरभाउपत्र प्राप्त गर्ने अन्तिम मिति र स्थान : सूचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म कार्यालय समयमा राजश्व व्यवस्थापन शाखाबाट दरभाउपत्र फाराम उपलब्ध गराईनेछ । उक्त दिन बिदा भएमा कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र फाराम लिनुपर्नेछ ।
३. दरभाउपत्र पेश गर्नुपर्ने अन्तिम मिति र स्थानः सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२:०० बजे सम्म राजश्व व्यवस्थापन शाखामा दरभाउपत्र फाराम पेश गर्नुपर्नेछ । उक्त दिन बिदा भएमा कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र फाराम पेश गर्नुपर्नेछ ।
४. दरभाउपत्र पेश गर्ने तरिकाः दरभाउपत्र सिरलवन्दी लाहाछाप कुन सटर हो सो खुलाइ विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यलयमा तोकीएको समयमा पेश गर्नुपर्नेछ ।
५. दरभाउपत्र खोल्ने समयः सूचना प्रकाशित मितिले १६औं दिन दिनको २:०० वजे यस कार्यालयको हाताभित्र नियामानुसार दरभाउपत्र खोलीनेछ । सो दिन खोल्न नसकीएमा कार्यालयले तोकेको मितिमा खोलिनेछ ।
६. ठेक्का अवधि : आ.व. २०८३/०८४ श्रावण १ गते देखी आ.व.२०८५/०८६ आषाढ मसान्तसम्मको हुनेछ ।
७. न्युनतम रकम : न्युनतम ठेक्का रकम तपशिल बमोजिम निर्धारण गरिएकोछ ।

तपशिल

| क्र.स. | विवरण | समयावधि | न्यूनतम ठेक्का रकम कर वाहेक | बोलपत्र खरिदको समयावधि |
|---|---|---|---|---|
| १ | एटिएम सटर १ थान वि.न.म.न.पा को परिसर मेनरोड तर्फको | आ.व. २०८३/०८४ श्रावण १ गते देखी आ.व.२०८५/०८६ आषाढ मसान्तसम्म | ९६,०००/ (छयानब्बे हजार मात्र) वार्षिक | सूचना प्रकाशनको मितिले १५ औं दिन |
| २ | १ नं. वडा कार्यालय भवनको भुइँतलाको मेनरोड तर्फ सटर १ थान | | १३,०००/ (तेह्र हजार मात्र) मासिक | |

नोटः थप जानकारी तथा शर्त विराटनगर महानगरपालिकाको राजश्व व्यवस्थापन महाशाखा अथवा यस कार्यालयको आधिकारिक वेवसाईट www.biratnagarmun.gov.np र बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

च.नं.
प.सं.

### अन्य थप जानकारी तथा शर्त

१. नियामानुसार लाग्ने मू.अ.कर अग्रिम आयकर र न.पा कर ठेकेदार स्वयमले बेहोर्नुपर्नेछ ।
२. दरभाउपत्रमा रकम अङ्कमा र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परेमा अङ्क र अक्षरमध्ये जुनमा वढी उल्लेख भएको छ सोहीलाई मान्यता दिईनेछ ।
३. ठेकेदारले कवोल गरेको ठेक्का रकमको न्युनतम तिन महिनाको हुन आउने रकम र सोमा लाग्ने करहरु बुझाएपछि मात्र सम्झौता गरिनेछ । उक्त किस्ता बापतको रकम बुझाइ बाँकी सबै ठेक्का र कर समेतको नगद वा बैंक जमानतपत्र २०८४ को श्रावण मसान्तसम्म म्याद भएको जमानत पेश गर्नुपर्नेछ । बैंक जमानत तथा धरौटी नराखी सम्झौता गरिने छैन । बाँकी किस्ता रकम र कर रकम सम्झौतामा उल्लेख भएअनुसार बुझाउनु पर्नेछ । तोकेको समयमा दाखिला नगरेमा सम्झौता अनुसार दैनिक १००/०० (एक सय मात्र) जरिवाना लाग्नेछ । बैंक जमानतपत्र मिति समाप्त हुनु २ महिना अगावै बैंक जमानतपत्र नविकरणा गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
४. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।
५. ठेक्का अवधिमा बन्द हड्ताल आदि भएमा त्यस वापत कुनै छुट मिनाहाको दाबी गर्न पाइने छैन ।
६. स्वीकृत ठेक्का रकममा मू.अ.कर १३% अग्रीम आयकर १.५% र न.पा. कर १.५% थप गरी सम्झौता गरीनेछ ।
७. रीत नपुगी वा म्याद नाघेर आएका बोलपत्रहरु उपर कुनै कारबाही गरिने छैन ।

### संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण समेत
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धी कर प्रमाणपत्रको प्रतिलिपि
३. करचुक्ता प्रमाणपत्र (आ.व. २०८१/०८२) को प्रतिलिपी
४. यस कार्यालयमा संस्था सूचिकृत भएको प्रमापत्रको प्रतिलिपि
५. एकल स्वामित्वको फर्मको हकमा प्रोप्राइटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/ कम्पनिको हकमा कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको प्रतिलिपि ।